# जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

फोन: ५२०५२०, ५२०१४६
फ्याक्स : ५२०५१०
Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com


**पत्र संख्या :- ०८०/०८१**

**चलानी नं. :-**

तेस्रो पटक प्रकाशित मितिः-२०८०/०६/०४

विषयः- बोलपत्र आव्हानको ७ दिने सूचना ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रमा सामान्य दिनहरु बाहेक मासिक पूर्णिमा, रक्षाबन्धन,कृष्णाष्टमी,ईन्द्रपुजा, मकर संक्रान्ती,अन्तरगृह परिक्रमा,चैते दशैं,चैती छठ, विवाह पञ्चमी,राम नवमी जानकी नवमी, दशैं ,तिहार तथा छठ पर्व विभिन्न पुजा र अन्य व्यवसायिक मेलाहरुको लागी मात्र सम्पूर्ण नगरक्षेत्रमा आगामी आ.व.०८०/८१ को असार मसान्त सम्मको लागि जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक ऐन,२०८० को दफा(९)को अनुसूची(८),जनकपुरधाम उप-महानगरपालिकाको आय ठेक्का बन्दोबस्त नियमावली,२०७७ को परिच्छेद-२ को नियम ३(१) तथा राजश्व परामर्श समितिको मिति २०८०/०३/२७ को निर्णय बमोजिम ठेक्का बन्दोबस्ती लगाउने निर्णय भए अनुसार पहिलो पटक मिति २०८०/०३/२९ गते र दोस्रो पटक मिति २०८०/०५/०३ गतेमा प्रकाशित सूचना बमोजिम एउटा पनि बोलपत्र दर्ता हुन नआएकोमा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति,फर्म,संस्था वा कम्पनीले मात्र निम्न शर्त/बन्देजहरुको अधिनमा रहि बोलपत्र खरिद वा दाखिला गर्न यो ७(सात) दिने तेस्रो पटकको बोलपत्र आव्हान गरिएको छ ।

निम्नः-

१. यस राम जानकी पेठीया बजार तथा माछा बजारको बहाल बिटौरी करकोछुट्टै ठेक्का बन्दोबस्त भएकोमा उक्त क्षेत्रभित्र बहाल बिटौरी कर असुल उपर गर्न पाउने छैन ।

२. ठेक्का कबोल अंकको ५ प्रतिशत धरौटी बापत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक,(भानुचोक शाखा) जनकपुरधामको धरौटी खाता नं १२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै भौचर र नेपाली नागरिकताको छाँयाप्रति बोलपत्र सहित संलग्न राखि पेश गर्नुपर्नेछ साथै यस कार्यालयको राजश्व शाखामा नगदी रु.३०००.००(तिन हजार रुपैयाँ मात्र) को नगदी रसिद लिई मिति २०८०/०६/१० गते सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।

३. ठेक्का स्वीकृत भएपछि कबोल रकम चार(४) किस्तामा बुझाउनुपर्ने छ, जसमध्ये सम्झौता गर्नु अघि एक किस्ता नगदी तथा अन्य तिन किस्ता रकम बराबरको बैंक ग्यारेण्टी वा सोही बराबरको धनजमानी बुझाउनु पर्ने छ वा कबोल रकम एकमुष्ट अग्रिम बुझाएमा ५ प्रतिशत छुट समेत दिइनेछ ।

४. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र करारनामामा उल्लेखित शर्त बमोजिम कार्य गर्नु गराउनुपर्नेछ ।नेपाल सरकारलाई बुझाउनुपर्ने सबै किसिमका करहरु ठेकेदारले नै बुझाउनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयलाई रहनेछ ।

६. केरमेट,सहिछाप नभएको,म्याद नाघि पर्न आएका बोलपत्रहरु स्वीकृत गरिने छैन ।

७. बोलपत्रफारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

८. बोलपत्रदाता तथा यस कार्यालय बिच कुनै किसिमको मत भिन्नता भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।

९. बोलपत्र फारम भर्दा आफूले नाम र ठेगाना समेत लेखि मेला पर्व उत्सवको शिलबन्दी बोलपत्र मिति २०८०/०६/११ गते दिनको १२:००बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।

१०. बोलपत्र फारम मिति २०८०/०६/११ गते दिनको २:०० बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ,उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।

११. ठेक्का अवधि सम्झौता करार भएको मिति देखि मिति २०८१ असार मसान्त सम्मको लागि मात्र कायम रहनेछ ।

१२. ठेक्काको न्यूनतम कबोल रकम रु.३१,००,०००.०० (रु.एकतिस लाख रुपैयाँ मात्र ) कायम गरिएकोछ ।

१३. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

१४. दैनिक रुपमा राम जानकी पेठीया बजार तथा माछा बजार क्षेत्रमा ठेक्का बापतको कर असुल गर्न ठेकेदारले पाउनेछ ।

१५. मेला पूर्णिमा लगायतका चाडपर्वहरुमा मात्र बजार लगाई बहाल बिटौरी असुल गर्ने भएकोले उक्त समयमा ट्राफिक व्यवस्थापन अवरोध नहुनेगरी सडक पेटी एवं फुटपाथमा खुल्ने पसलहरु अन्य दिनबाहेक मेलापर्व तथा उत्सवहरुमा मात्र संचालनमा रहने हुँदा उक्त समयमा देश विदेशका विशिष्ट पदाधिकारीहरुको आवागमनको समयमा सुरक्षाको कारण अस्थायी रुपमा पसलहरु हटाइएको खण्डमा कुनै किसिमको क्षतिपूर्ति उपलब्ध गराइने छैन् ।

प्रमुख प्रशासकीय अधिकृत